# जिल्ला समन्वय समितिको कार्यालय

सिन्धुपाल्चोक, चौतारा
३ नं. प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

पथम पटक प्रकाशित मिति २०७४/०२/१४

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. २०५ मिति २०७४।१।१९ र च.नं.४१ मिति २०७४।१।२९ को पत्र, साविक स्थानीय स्वायत्त शासन ऐन,२०५५ मा भएको व्यवस्था, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, गत आ.व.मा गरिएको अभ्यास तथा यस कार्यालयको निर्णयानुसार देहायका शिर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७४/७५ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रशाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र जिससको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७४/७५ को लागि निर्धारण गरिएको परिमाण घनफिट (बिक्री) | आ.व. ०७४/७५ को लागि निर्धारण गरिएको परिमाण घनफिट निकासी | बिक्री दर वातावरण शुल्क सहित प्रति घनफिट रु. | निकासी दर वातावरण शुल्क सहित प्रति घनफिट रु. | बिक्री कर बापतको न्यूनतम अंङ्क | निकासी कर बापतको न्यूनतम अंङ्क | कूल न्यूनतम अंङ्क (कर तथा भ्याट बाहेक) | बोलपत्र दरभाउपत्र दस्तुर | धरौटी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बिक्री तथा निकासी बाट आय /ढुंङ्गा , गिटी, बालुवा, रोडा, माटो ग्राभेल चिप्स | | | | | | | | | | |
| १/२०७४/७५ | ईन्द्रावती नदी तर्फ मेलम्ची न.पा.को फटकशिला देखि माथिको मेलम्ची न.पा. सम्मको क्षेत्र। (उत्पादन/बिक्री तथा निकासी कर ) | २४३००००० | २१५००००० | ३.५ | ३.५ | ८५०५०००० | ७५२५०००० | १६०३००००० | १०००० | |
| २/२०७४/७५ | ईन्द्रावती नदी तर्फ चौतारा सँगाचोकगढी न.पा. बनदेउ देखि ठूलोसिरुवारीको भ्याँडीसम्मको खण्ड (उत्पादन/बिक्री तथा निकासी कर ) | ७८५०००० | ५२५०००० | ३.५ | ३.५ | २७४७५००० | १८३७५००० | ४५८५०००० | ५००० | |
| ३/२०७४/७५ | ईन्द्रावती नदी तर्फ ईन्द्रावती गा.पा.को भ्याँडी देखि भोटसिपा भिमटार, सिपापोखरे, बाँडेगाउँसम्मको क्षेत्र ( उत्पादन/बिक्री तथा निकासी कर ) | १५५०००० | ९५०००० | ३.५ | ३.५ | ५४२५००० | ३३२५००० | ८७५०००० | ३००० | |
| ४/२०७४/७५ | सुनकोशी नदी तर्फ चौतारा साँगाचोकगढी न.पा.को सिम्ले देखि बलेफी नदी वारीसम्मको क्षेत्र (उत्पादन/बिक्री तथा निकासी कर ) | ४४००००० | २५००००० | ३.५ | ३.५ | १५४००००० | ८७५०००० | २४१५०००० | ५००० | |
| ५/२०७४/७५ | सुनकोशी नदी तर्फ बलेफी गा.पा. फुल्पिङडाँडा देखि मांखा सम्मको क्षेत्र ( उत्पादन/बिक्री तथा निकासी कर ) | २२०००० | ७०००० | ३.५ | ३.५ | ७७०००० | २४५००० | १०१५००० | १००० | |
| ६/२०७४/७५ | सुनकोशी नदी काभ्रेको सिमाना ठोकर्पा देखि सुनकोशी गा.पा.को पांग्रेटारसम्मको क्षेत्र (लामोसाँघु जिरी सडकलाई प्रदान गरिएको क्षेत्र देखि बाहेक) (उत्पादन/बिक्री तथा निकासी कर ) | ५००००० | १००००० | ३.५ | ३.५ | १७५०००० | ३५०००० | २१००००० | ३००० | |
| ७/२०७४/७५ | सुनकोशी नदी बह्रविसे न.पा.को राम्चे देखि बाह्रविसे न.पा.को पक्की मोटर पुल वारीसम्मको क्षेत्र (उत्पादन/बिक्री तथा निकासी कर ) | ४००००० | २००००० | ३.५ | ३.५ | १४००००० | ७००००० | २१००००० | ३००० | |
| ८/२०७४/७५ | सुनकोशी नदी त्रिपुरासुन्दरी गा.पा.को धुस्कुन देखि टेकानपुरसम्मको क्षेत्र ( उत्पादन/बिक्री तथा निकासी कर ) | ३५०००० | २०००० | ३.५ | ३.५ | १२२५००० | ७०००० | १२९५००० | १००० | |
| ९/२०७४/७५ | २३ औं साविक जिल्ला परिषद्को निर्णयानुसार सडक मर्मत संभार शुल्क आय संकलन (जिल्लाका सम्पूर्ण क्षेत्र | २५० देखि ३०० घनफिट सम्म ढुंगा गिटी बालुवा ढुवानी गर्ने ट्रक, टिपर र भ्यानहरुलाई प्रति ट्रिप रु. ३००।- र १५० घ.फि. सम्म ढुवानी गर्ने ट्रक मिनिट्रकलाई रु. १५०।- प्रति ट्रिप सडक मर्मतसंभार शुल्क बापत रकम असूल गर्ने। | | | | | | ३०७७७९९ | ५००० | |
| १०/२०७४/७५ | ढाँडखोला-मेलम्ची-तिम्बु-हेलम्बु-तिपेनी सडक | ठूलो बस/भ्यान रु. ५०।- , मिनिबस/ मिनिट्रक रु. ३०।- , अन्य सवारी/ साना सवारी साधन रु. २०।- | | | | | | ४१५०००० | ३००० | |

**ठेक्का सम्बन्धी शर्तहरु** :-

१. माथि उल्लेखित ठेक्का नं. १ देखि ८ सम्मको आय बोलपत्र भर्दा बिक्री कर र निकासी कर छुट्टाछुट्टै कवोल अंङ्क उल्लेख गरी कूल अंङ्क समेत उल्लेख गर्नुपर्नेछ। साथै उक्त आय ठेक्काहरुमा विक्री कर र निकासी कर जुन कबोल अंङ्क बढी हुन्छ सो कबोल कर्ताको बोलपत्र (विक्रीको छुट्टै र निकासीको छुट्टै ) तालिका बनाई बढी अङ्क कबोल गर्नेको आंशिक रुपमा मात्र पनि बोलपत्र स्वकिृत गर्न सकिनेछ। कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ।

२. ठेक्का अवधि २०७४ सालको श्रावण १ गते देखि २०७५ साल आषाढ मसान्त सम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन। IEE प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ।

३. माथि उल्लेखित सबै ठेक्काहरु कबोल अंङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ।

४. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको ने.बै.लि. चौतारा स्थित बैंक खाता नं. ०५७०३०००००००००३००००९० मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइनेछैन। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम जिससको ने.बैं.लि., चौतारा शाखामा रहेको आन्तरिक आय खाता नं. ०५७०३००००००००४००३०९० मा दाखिला गर्नुपर्नेछ।

६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन।

८. ठेक्कामा कुनै विवाद भएमा जिससको निर्णय अन्तिम हुनेछ

९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको ३० औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरि ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ साथै उक्त सूचना जिससको वेभ साइट www.ddcsindhupalchowk.gov.np मा राखिएको छ र बोलपत्र फाराम PPMO को वेभ साइट http://www.bolpatra.gov.np बाट E- Bidding मार्फत समेत पेश गर्न सकिनेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० वजे जिससको कार्यालयमा खोलिनेछ ।

१०. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन।

१३ . उपरोक्त ठेक्काहरु खोलाको सिमाना र गठन भएका गाउँपालिका तथा नगरपालिकालाई आधार मानि निर्धारण गरिएको छ।

१४. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।